# प्रसौनी गाउँसभाको बैठकमा २०७५ अषाढ ८ गते शुक्रबारका दिन बजेट तर्जुमा का संयोजक गिता साहले प्रस्तुत गर्नु भएको

## आर्थिक वर्ष ०७५/७६ को बजेट बक्तव्य

प्रसौनी गाउँपालिका

गाउँकार्यपालिका, प्रसौनी बारा

२०७५

गाउँसाभाबाट पारित मिति २०७५/०३/२५

प्रमाणिकरण मिति २०७५/०३/२९

गाउँसभाका सम्मानिय अध्यक्ष महोदय ,

१.प्रसौनी गाउँकार्यपालिका बजेट तर्जुमा समितीका संयोजकका हैसियतले यस सम्मानित सभा समक्ष आगामी आर्थिक वर्ष २०७५/७६ को निति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु । यस अवसरमा राजनीतिक परिर्वतनको लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । त्यसैगरी राष्ट्रियता, स्वाधीनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिको लागि संघर्ष गर्नुहुने महान नेपाली तथा मधेशी नागरिक र त्यसको सवल एवम् सक्षम नेतृत्व गर्नुहुने नेपाली तथा मधेशी राजनीतिक शिखर व्यक्तित्वप्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

२.यस प्रसौनी गाउँपालिकालाई समृद्ध र सुखी बनाउने दिर्घकालीन उद्धेश्य अनुरुप आर्थिक सामाजिक विकासको मौलिक ढाँचामा गाउँपालिका अगाडि बढि रहेको छ । प्रतिव्यक्ति आयको वृद्धिले मात्र न्यायोचित विकास सम्भव हुदैन, न त सीमित आयको वितरणबाट नै समृद्धिमा पुग्न सकिन्छ । त्यसैले उच्च आर्थिक वृद्धि सँगै त्यसको न्यायपूर्ण वितरणबाट मात्र सर्वाङ्गिण विकास हासिल गर्न सकिने यस सरकारको मान्यता रहेकोछ । सवै नागरिकका लागि मर्यादित काम, न्यूनतम खाध्य सुरक्षा, आधारभुत स्वास्थ्य–शिक्षाको सुविधा, स्वच्छ खानेपानी र सुरक्षित आवास जस्ता अत्यावश्यक आवश्यकताहरुको परिपुर्ति नै हाम्रो सामुदायिक विकास तर्फको यात्रा प्रस्थान विन्दु हुनेछ ।

३.आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानिय सरकार संचालन ऐन २०७४ तथा विनियोजन विधेयक २०७५ को सिद्धान्त र प्राथमिकता नेपाल सरकार तथा प्रदेश सरकारको निति तथा कार्यक्रम चालु आवधिक योजना, दिगो विकास लक्ष्य तथा गाउँसभा सदस्यहरुले दिनुभएको सुझावहरुलाई मार्गदर्शनको रुपमा लिइएको छु । विभिन्न राजनितिक दल, संघ संस्था,विद्धवत वर्ग, लक्षित वर्गबाट प्राप्त रचनात्मक सुझावहरुलाई समेत ध्यान दिएको छु ।

सम्मानिय अध्यक्ष महोदय,

अब म निति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**शिक्षा**

४.सबै बालबालिकाहरुलाई शिक्षामा पहुँच सुनिश्चित गर्न विधालयमा भर्ना अभियानलाई अघि बढाइ आगामी वर्ष नै विधालाय जाने उमेरका सवै बालबालिकालाई विधालय भर्ना गरिनेछ । माध्यमिक तह सम्मको शिक्षालाई क्रमश नि.शुल्क र अनिवार्य गरिनेछ । प्रदेश र केन्द्र सरकारको सहकार्यमा आगामी दुई वर्ष भित्र साक्षर गाउँपालिका घोषणा गरिनेछ ।

५.सम्पुर्ण बालबालिकालाई विधालय ल्याऔं,टिकाऔं र सिकाऔं अभियान संचालन गरिनेछ । मानव विकास सुचाङकमा पछि परेका स्थानिय तहमा रहेका सामुदायिक विधालयका कक्षा ५ सम्मका सवै विधार्थीलाई स्थानीय उत्पादनमा आधारित पौष्टिक दिवा खाजा नेपाल सरकारबाट उपलब्ध हुने बजेट लाई गुणस्तरिय रुपमा कार्यान्वयन गर्न तथा यसलाई प्रवर्द्धन गर्न गाउँपालिका द्धारा विषेश निगरानी गरिनेछ ।

६.विधालयलाई आपाङ्गता तथा बालमैत्री बनाइनेछ । आपाङ्गता भएका बालबालिकाका लागि शिक्षामा पहुँच अभिवृद्धिका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ । सामुदायिक विधालयहरुमा विधार्थीहरुको शारिरीक तथा मानसिक विकासका लागि विभिन्न खेलकुद सामग्रीहरु वितरण गरिनेछ ।

भोला प्रसाद गुप्ता
अध्यक्ष

७.प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तार गर्न सामुदायिक विधालयमा प्राविधिक कक्षा संचालन गर्न प्रदेश तथा केन्द्र सरकार समक्ष पहल गरिनेछ । र कम्प्युटर शिक्षा अनिवार्य गरी सामुदायिक विधालयमा कम्प्युटर हस्तानान्तर गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

८.आर्थिक रुपमा विपन्न सिमान्तकृत तथा लक्षित वर्गका विधार्थीहरुलाई उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षाका अध्ययनको लागि सस्तो दरमा व्याज अनुदानमा शैक्षिक ऋण उपलब्ध हुने व्यवस्थाका लागि केन्द्र र प्रदेश सरकार समक्ष पहल गरिनेछ ।

९.विधालयको शैक्षिक गुणस्तर सुधार गरिदै लगिनेछ । यसका लागि नेपाल सरकारबाट प्राप्त हुने अनुदान को अतिरिक्त शिक्षाको गुणस्तर अभिबृद्धि गर्न सामुदायिक विधालयहरुमा पुर्वाधारको विकास नविन प्रविधिको प्रयोग र शैक्षिक मापदण्डमा सुधार गरिनेछ । यसका लागि आवश्यक श्रोत उपलब्द गराइने छ ।

१०.कक्षा १० का विधार्थीका लागि अतिरीक्त कक्षा संचालन गर्न व्यवस्था गरिनेछ । सामुदायिक विधालयबाट एस.ई.ई. परीक्षामा उत्कृष्ट अंक हाशिल गर्ने छात्राहरुलाई छात्रबृति प्रदान गरिनेछ । यसका लागि प्रसौनी गाउँपालिका छात्रवृति कोष स्थापना गरी आगामी वर्ष देखि लागु हुने गरी आवश्यक रकम विनियोजन गरेको छु ।

**युवा तथा खेलकुद**

११.बालबालिका तथा युवाहरुको शारिरीक तथा मानसिक विकासका लागि खेलकुदहरुमा जोड दिइनेछ । केन्द्र, प्रदेश सरकारको सहकार्यमा सम्भाव्यताको आधारमा रङ्गशाला, खेलमैदान, युवा क्लब तथा विचरण पार्क क्रमिक रुपमा स्थापना गर्न आवश्यक बजेट माँग गर्न प्रस्ताव गरेको छु ।

**स्वास्थ्य**

१२.स्वास्थ्य सेवा लाई सर्वसुलभ, भरपर्दो र गुणस्तरिय तुल्याइने छ । आधारभुत स्वास्थ्यमा सबै नागरिकको पहुँच सुनिश्चित गर्न स्वास्थ्य बीमाको कार्यक्रम संचालन गर्न केन्द्र सरकार, प्रदेश सरकार समक्ष पहल गरिनेछ । आमा र बच्चाको पोषण सुनिश्चित गर्न गर्भ अवस्था देखि नै प्रसुति सुरक्षा सेवा पुर्याईनेछ । यस अन्तर्गत गर्भावती जाँच सेवा लिने गर्भावति आमालाई स्वास्थ्य संस्था बाट दिने सुविधाको अतिरिक्त गाउँकार्यपालिका बाट आयो नुन र सुत्केरीलाई पोषण युक्त खानाका लागि एकमुष्ट एकपटक का लागि रु १०००। उपलब्ध गराइनेछ । स्थानिय तहबाट संचालन हुने बहु क्षेत्रीय पोषण कार्यक्रम लाई प्रवर्द्धन गरिनेछ ।

१३.१५ शैया भएको अस्पताल संचालनका लागि केन्द्र तथा प्रदेश सरकार समक्ष पहल गरिनेछ । सबै वडाहरुमा स्वास्थ्य सेवा संचालन अनिवार्य गरिनेछ । स्वास्थ्य उपचारमा सहजताका लागि एमबुलेन्स सेवा संचालन गरिनेछ । यसका लागि आवश्यक रकम विनियोजन गरेको छु । ध्यान र योगको माध्यमबाट स्वस्थ शरीर, सकारात्मक सोच र व्यक्तित्व विकास गर्न नागरिक आरोग्य कार्यक्रम संचालन गरिनेछ ।

१४.महामारी रोग नियन्त्रण र निवारण कार्य लाई प्रभावकारी बनाउन सबै नागरिकहरुको स्वास्थ्य परिक्षण गराउन विषेशज्ञ सहितको टोली परिचालन गर्न व्यवस्था मिलाएको छु ।

१५.सबै सार्वजनिक स्थलहरुमा धुम्रपान र मदिरा सेवन निषेध गरिनेछ । मदिरा र सुर्तिजन्य पदार्थको आयात तथा विक्री वितरण लाई कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।

भोला प्रसाद गुप्ता
अध्यक्ष

## कृषि

**१६**.कृषिलाई गरिबी निवारण, बेरोजगारीको अन्त्य र खाद्य सुरक्षाको आधारको रुपमा विकास गरिनेछ । उच्च मुल्यका कृषि उपजहरुको वृद्धि गर्ने निति हरु अवलम्बन गरिनेछ । कृषि उपजहरुको आर्गेनिक उत्पादन गर्ने कार्य लाई प्राथमिकता दिइनेछ । कृषकहरुलाई जैविक मलमा ५० प्रतिशित अनुदान उपलब्ध गराउन आवश्यक रकम विनियोजन गरेको छु ।

**१७**.कृषि तथा पशु पंक्षी सम्बन्धि प्राविधिक ज्ञान र सिप प्रदान गर्न कृषि सेवा केन्द्रलाई विकसित गरिनेछ । कृषि उत्पादनलाई चाहिने मल विउ उपकरण र अन्य आवश्यक सेवाहरु कृषि सेवा केन्द्र मार्फत उपलब्ध गराउने बजेट छुट्याएको छु ।

## वन तथा वातावरण

**१८**.स्वच्छ, हराभरा र प्रदुषण मुक्त गाउँपालिका अध्ययन संचालन गरी जैविक विविधता तथा जलवायू परिवर्तन अनुकुलनमा गाउँपालिका, निजी क्षेत्र, सहकारी तथा सामुदायिक र गैर सरकारी क्षेत्र विच सहकार्य गरिनेछ ।

**१९**.जलवायु परिवर्तन न्यूनिकरण तथा अनुकलनका कार्यक्रम संचालन गरिनेछ । आसपासका सवै क्षेत्रहरुको सफाइमा विशेष ध्यान दिइनेछ ।

**२०**.स्थानिय वातावरण अनुकुलका उच्च मुल्यका रुख, वनपैदावार हरुको विस्तार सरकारी, निजी, सहकारी र समुदायको साझेदारी तथा वाँझो, पर्ति, नदिं कीनार र खस्केको जमिनमा वृक्षा रोपन गर्न अनुदानको व्यवस्था गरेको छु ।

## खानेपानी

**२१**.३ वर्ष भित्र सवै नागरिकलाई खानेपानी पुर्वाधारमा पहुँच सुनिश्चित गर्न आगामी आर्थिक वर्ष नेपाल सरकार द्वारा निर्मित अधुरो योजनाहरु यथाशिघ्र सम्पन्न गर्न आवश्यक पहल गरिनेछ । सम्पन्न भई थप रहेका खानेपानी सेवालाई संचालन गर्न रकम विनियोजन गरेको छु ।

**२२**.निश्चित समयमा सवैलाई आधारभुत खानेपानी उपलब्ध गराउने गरी स्थानीय तह र सामुदायिक गैर सरकारी संस्थाहरुले उपभोक्ता संग लागत सहभागितामा खानेपानी आयोजनाहरुका लागि सम्पुरक अनुदानको व्यवस्था मिलाएको छु ।

**२३**.खानेपानी र सिचाइको आवश्यकता एक साथ परिपुर्ति गर्ने उद्धेश्यले केन्द्र, प्रदेश र स्थानीय तहको सहकार्यमा सौर्य उर्जामा आधारित उच्च प्रविधि युक्त सिचाइ र खानेपानी आयोजनाहरु संचालनमा ल्याइनेछ ।

## सरसफाई

**२४**.खुला दिशा मुक्त घोषण भइ सकेको यस गाउँपालिकालाई आगामी २ वर्ष भित्र पोष्ट ओ.डि.अफ. को रुपमा घोषण गरिनेछ । यस क्षेत्रमा स्थानीय समुदायको सहकार्यमा सरसफाई कार्यक्रम संचालन गरिनेछ ।

भोला प्रसाद गुप्ता
अध्यक्ष

२५.बजार क्षेत्र आसपास र सार्वजनिक स्थानहरुमा सुविधा सम्पन्न स्मार्ट शौचालय निर्माण गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

**सिचाई तथा नदी नियन्त्रण**

२६.जल श्रोत आयोजना संचालनका लागि सम्भाव्यताको आधारमा खानेपानी, सिचाई, विधुत, नदी नियन्त्रण र वातावरण पक्षलाई समेटी वहुआयोजना को विकास गरिनेछ । केन्द्र, प्रदेश तथा स्थानीय तह सँगको लागत सहभागितामा साना सिचाई, स्यालो ट्युबेल तथा मझौला आयोजनाहरु संचालन गर्न बजेट व्यवस्था गरेको छु ।

२७.केन्द्र, प्रदेश र स्थानीय सरकारको सहकार्यमा नदी नियन्त्रण कार्यलाई अभियानको रुपमा अगाडि बढाइने छ । स्थानीय तहमा संचालन हुने सिँचाई तथा नदी नियन्त्रणमा समपुरक अनुदानको व्यवस्था गरेको छु ।

**पर्यटन**

२८.पर्यटनबाट रोजगारी तथा आय आर्जन बढाउन मनोरञ्जन, प्राकृतिक, ऐतिहासिक, धार्मिक र साहासिक पर्यटनको पुर्वाधार निर्माण, बजार प्रवर्द्धन र सेवा सुविधाको विकास विस्तार गरिनेछ ।

**महिला , बालबालिका तथा जेष्ट नागरिक**

२९.विपन्न र पिछिडिएको महिला तथा एकल महिला लाई सिप तथा उधमशिलता विकास मार्फत काम र रोजगारीका अवसरमा पहुँच पुऱ्याई स्व–आर्जन मार्फत आत्म निर्भर बनाइनेछ । बालविवाह, दाइजो प्रथा लगायतका सवै कुरिति अन्ध विश्वास र महिला हिंसा विरुद्धमा सचेतना अभिवृद्धि गरिनेछ । जोखिममा परेका गर्भावती तथा सुत्केरी महिलाहरुको आपत कालिन उद्धार गर्न एम्बुलेन्सको व्यवस्था मिलाइने छ ।

३०.आपाङ्गता भएका व्यक्तिहरुको मनोबल, मर्यादा, सिप र क्षमता बढाउन पुनर्स्थापना का कार्यक्रमहरु संचालन गरिनेछ ।

३१.लैङ्गिक रुपमा पछाडि परेका विपन्न जेहेन्दार छात्राहरुलाई शिक्षा प्रति झुकाउ बढाउन साइकल वितरणको लागि बजेट विनियोजन गरेको छु ।

३२.आर्टिज भएका, मानसिक रोगी, टुहुरा बालबालिका, अशाहयक , बृद्ध तथा विशेष प्रकृतिका महँगो उपचार हुने प्रकृतिका रोगीहरुका लागि राहत कोष स्थापना गरी कार्यविधिका आधारमा सहयोग प्रदान गरिनेछ ।

३३.जेष्ट नागरिकहरुको सुरक्षा र हेरचाह गर्ने उद्धेश्यले समाजिक सुरक्षा भत्ता पाईरहेका अलावा ९० वर्ष पुरा गरिसकेका वृद्धलाई उपचार गर्न प्रत्येक चौमासिकमा थप रु १०००। उपलब्ध गराउन व्यवस्था मिलाएको छु ।

३४.अति विपन्न महिलाहरुको कार्य बोझ घटाउन तथा उनीहरुको स्वास्थ्यमा अनुकुल असर पर्ने उद्धेश्यले १५० घर धुरीलाई ग्यास चुल्हा तथा सिलिण्डर वितरण गर्न बजेटको व्यवस्था गरेको छु ।

३५.छोरी बचाऔं छोरी पढाऔं( **बेटी बचाई बेटी पढाई**) अभियान संचालन गरी आ.व.०७५/७६ को श्रावण १ गते देखि लागु हुने गरी कार्यविधि बनाई छोरी जन्मने वितिकै रु १० हजार अनुदान उपलब्ध गराई बीमा योजना का लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

भोला प्रसाद गुप्ता
अध्यक्ष

उधोग

३६.केन्द्र तथा प्रदेशको समन्वय र सार्वजनिक र निजी क्षेत्रको सहभागितामा कम्तिमा एक औधोगिक क्षेत्रँ, आर्थिक क्षेत्र र एक विशेष आर्थिक क्षेत्र स्थापनाको सम्भाव्यता र पुर्वाधार निर्माणको लागि आवश्यक बजेटका लागि पहल  गरिनेछ ।

३७.आगामी ३ वर्ष भित्र यस स्थानीय तहमा केन्द्र र प्रदेश सरकार तथा निजी क्षेत्र समेतको सहभागीतामा उधोग ग्राम स्थापना गरिनेछ ।

आवास भवन र पुर्वाधार

३८(क).नागरिकको मौलिक हकमा रहेको सुरक्षित आवस सुनिश्चित गर्न गरिबीको रेखा मुनी रहेका १४ घर परिवारहरुलाई सुरक्षित आवस निर्माण गरी हस्तानान्तरण गर्न रु ४२ लाख विनियोजन गरेको छु । र यस लाई आगामी वर्षहरुमा निरन्तरता गरिनेछ ।

(ख)मधेश आन्दोलनमा अग्र भुमिका निर्वाह गरी शाहदत प्राप्त गरेका मधेशी शहिदहरुको सम्झनामा वडा नं ३ स्थित रहेका मधेश सेवा आश्रम को भवन निर्माण का लागि आवश्यक बजेट विनियोजन गरेको छु

३९.आगामी आ.व. ०७५/७६ मा भवन निर्माण कार्य गर्न अनिवार्य रुपमा नक्सा पास गराई निर्माण गर्नुपर्ने छ र यसलाई कडाई का साथ लागु गरिनेछ ।

सुशासन

४०.भ्रस्टाचारजन्य गतिविधिको संरक्षण तथा पक्षपोषण गर्ने संस्कृतिको अन्त्य गर्दै भ्रस्टाचार गर्ने र गराउने दुवै पक्षलाई कानुनको दायरामा ल्याइनेछ ।

४१.सुचना प्रविधिको क्षेत्रमा भएको असल अभ्यास लाई अनुसरण गरी आगामी दिनमा गाउँपालिकाले प्रदान गर्ने सबै सेवाहरुलाई क्रमशः विधुतिय प्रणालिमा रुपान्तरण गरिनेछ ।

४२.निर्णय प्रक्रियालाई शिघ्र र पारदर्शी बनाई निर्णय गर्ने पदाधिकारीलाई नतिजा प्रति उत्तरदायि र जिम्मेवार बनाइनेछ । आर्थिक अनुशासनको कडाईका साथ पालना गरिनेछ ।

४३.सामाजिक जवाफदेहिताका औजारहरु सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण लाई कडाईका साथ व्यवहारमा ल्याइनेछ ।

कानुन तथा न्याय

४४.स्थानीय तहमा हुने न्यायिक प्रक्रियालाई संविधानले तोकेको परिधि भित्र रहि नागरिकको मौलिक हकको कार्यान्वयन गर्न आवश्यक पर्ने कानुन तर्जु मा गरिनेछ । सो कार्यका लागि क्षमता विकास का लागि व्यवस्था मिलाएको छु ।

भोली प्रसाद गुप्ता
अध्यक्ष

४५.सवै नागरिकको मानव अधिकार सुनिश्चित गर्न घर घरमा मानव अधिकार कार्यक्रमलाई जनस्तरमा कार्यान्वयनमा ल्याइनेछ ।

४६.न्यायिक समितीलाई प्रभावकारी बनाउन रणनितिक योजनाको कार्यान्वयन गरिनेछ । शान्ति प्रक्रियाका लागि सामुदायिक मेलमिलाप मार्फत सामुदायिक मुद्दाहरुलाई समय भित्र व्यवस्थापन गरिनेछ । यसलाई सक्षम र सबल बनाउन आवश्यक श्रोत साधनको व्यवस्था मिलाएको छु ।

**कर्मचारी व्यवस्थापन**

४७.कर्मचारीहरुको सरुवा,पुरस्कार, सजाय, वृतिविकास र क्षमता अभिवृद्धिका अवसरलाई कार्य सम्पादनमा आधारीत बनाइनेछ । आागमी आ.व. ०७५/७६ साउन १ गते देखि गाउँकार्यपालिका तथा वडा कार्यालयमा कार्यरत राष्ट्र सेवक कर्मचारीहरुको स्थानीय प्रोत्साहन भत्ता कार्य सम्पादनको आधारमा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

४८.कार्यालय समय बाहेक विहान बेलुका गाउँसभाको तयारीमा खट्नु भएका पदाधिकारी तथा कर्मचारीहरुलाई ३० दिनको तलब बराबरको थप सुविधा उपलब्ध गर्न व्यवस्था मिलाएको छु ।

४९.कार्यपालिकाको कार्यालयमा कार्यरत कार्यालय सहयोगी सरिता कुम्हाल, विगा हजारा र प्रभु यादव को कार्य सम्पादन अति उत्तम भएको ले निजहरुलाई नेपाल सरकारको मापदण्ड अनुसारको श्रेणी विहिन प्रथम श्रेणी को तलब सुविधा उपलब्ध गराउने व्यवस्था मिलाएको छु । अस्थायीमा नियुक्त रहेका प्रभु यादव लाई सोही अवस्थामा तथा निज सरित कुम्हाल र विगा हजारा लाई ज्यालादारीबाट करार सेवामा नियुक्त गर्न सभा समक्ष पेश गरेको छु ।

५०.निजी श्रोतमा कार्यरत कर्मचारी तथा शिक्षक हरुलाई रु ४०००। का दरले पोशाक सुविधा उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

५१.यस गाउँपालिका अन्तर्गतका तपशिलमा उल्लेखित भएका सामुदायिक विद्यालयहरुमा कार्यरत निजी श्रोतका शिक्षकहरुलाई पारिश्रमिक सुविधा उपलब्ध गराउन रु १२ लाख ५५ हजार विनियोजन गरेको छु

| क्र.सं. | सामुदायिक विद्यालयको नाम | विनियोजित रकम |
|---|---|---|
| १ | ज्ञानज्योति प्रा.वि. प्रसौनी १ | १,०४,०००। |
| २ | ने.रा.मा.वि. खुटवा ४ | २,००,०००। |
| ३ | ने.रा.प्रा.वि. खुटवा ४ | ७८,०००। |
| ४ | वेंगा साह उच्च मा.वि. प्रसौनी २ | २,३९,०००। |
| ५ | जनता मा.वि. बंजरिया ७ | १,००,०००। |
| ६ | सरस्वती मा.वि. बेलहिया | २,३४,०००। |
| ७ | ने.रा.मा.वि. प्रष्टोका | २,००,०००। |
| ८ | उच्च मा.वि. बेलहिया | १,००,०००। |

**सम्मानीय अध्यक्ष महोदय,**

भोली प्रसाद गुप्ता
अध्यक्ष

५२.अब म माथिको क्षेत्रगत निती तथा कार्यक्रमहरु कार्यान्वेयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

५३.आगामी आर्थिक वर्षका निति तथा कार्यक्रम कार्यान्वयन गर्न रु २९ करोड ३८ लाख २७ हजार ३ सय विनियोजन अनुमान गरेको छु । कुल विनियोजन मध्ये चालु तर्फ रु ५ करोड १० लाख अर्थात १७.३५ प्रतिशत, पुँजिगत तर्फ रु १३ करोड४६ लाख २५ हजार अर्थात ४५.८१ प्रतिशत र वित्तिय व्यवस्था, सामाजिक सुरक्षा तर्फ रु १० करोड ८२ लाख २ हजार ३ सय अर्थात ३६.८४ प्रतिशत रहेको छ ।

५४.आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च श्रोत मध्ये आन्तरिक श्रोत बाट ३४ लाख ३७ हजार नेपाल सरकारको वित्तिय समानिकरण अनुदान बाट ९ करोड २३ लांख, राजश्व बाँडफाँड बाट प्राप्त हुने अनुदान ४ करोड ८५ लाख ९९ हजार ,सर्शत अनुदान सामाजिक सुरक्षा समेत गरी बाट १० करोड ८२ लाख २ हजार ३ सय र आ.व. २०७४/०७५ मा खर्च नभई संचित कोषमा रहने अनुमानित रकम ३ करोड ८५ लाख ८३ हजार आय अनुमान गरेको छु ।

भोला प्रसाद गुप्ता
अध्यक्ष

## गाउँसाभा द्धारा पारित निर्णयहरु :-

१) चालु आ.व. २०७५/०७६ को लागि स्थानिय राजस्व परामर्श समिति द्धारा पेश भएका **करका दरहरु** पारित गरियो ।

२) प्रसौनी गाँउपालिको आ. व.२०७५/०७६ को बार्षिक निति तथा कार्यक्रम बजेट आय व्यय चालु आ.व. २०७४/०७५ को यर्थाथ र २०७५/०७६ को अनुमानित आय व्यय तथा कार्यक्रमहरु पारित गरियो ।

३) गाँउ कार्यपालिकाद्धारा हाल सम्म भई गरेका सम्पूर्ण निर्णय तथा सम्पादन भएका कार्यक्रमहरुको अनुमोदन प्रस्ताव पारित गरियो ।

४) गाँउ कार्यपालिकाको निर्णय वमोजिम भैपरी पुँजिगत शिर्षकबाट संचालन भएका कार्यक्रम तथा आयोजनाहरु अनुमोदन प्रस्ताव पारित गरियो ।

५) गाँउकार्यपालिकामा आइपर्ने मुद्दा मामिलाको प्रतिउत्तर तथा कार्यालयले आफ्नो तर्फबाट गर्नुपर्ने पक्षपोषण र प्रतिबाद गर्ने अधिकार न्यायिक समितीका संयोजक तथा निजले तोकेका प्रतिनिधिलाई प्रतियोजन गर्ने प्रस्ताव पारित गरियो ।

६) गाँउसभा तयारीको क्रममा कार्यलयको दैनिक कार्यसमपादनको अतिरिक्त चालु आ.व. को योजना तर्जुमा तथा बार्षिक नीति तथा कार्यक्रम तयारी तथा गाँउसभाको तयारीमा कार्यलय समयका अतिरिक्त विहान देखि बेलुका सम्म खटिएका कार्यपालिकाका कार्मचारीहरुलाई एक महिना बरावरको तलब रकम प्रोतसाहन स्वरुप उपलब्ध गराउने प्रस्ताव पारित गरियो ।

७) यस गा.पा अन्तर्गतका महिला स्वंयम सेविकाहरुलाई आ.व.०७४/०७५ मा कार्यपालिका द्धारा उपल्बध गराईएका प्रोत्साहन आ.व.०७५/०७६मा निरन्त्रता दिने प्रस्ताव परित गरियो ।

८) आर्थिक वर्ष २०७५/०७६ को लागि विनियोजन विद्येयक २०७५ पारित गरियो ।

९) आवश्यक प्रक्रिया पुरा गरी प्रसौनी गाउँकार्यपालिकाको नयाँ प्रशासनिक भवन साविक गा.वि.स. प्रसौन वडा नं ३ क को कि.नं. १९ को ज.वि. ०–९–५ हाल प्रसौनी गा.पा. वडा नं. १ अन्तर्गत कायम रहेको सार्वजनिक जग्गामा भवन निर्माणका लागि आवश्यक आर्थिक तथा प्राविधिक सहयोग/अनुदान का लागि प्रदेश, केन्द सरकार तथा तालुक निकाय एवं अन्य दातृ निकायलाई अनुरोध गर्ने प्रस्ताव पारित गरियो ।

१०) प्रसौनी गाउँकार्यपालका भित्र सार्वजनिक जग्गामा निर्माण भएका संरचना तथा बाटो अतिक्रमण गरी भोग चलन गरिरहेको जग्गाहरु ऋतिक्रमण हटाउने तथा विना मोआब्जा सार्वजनिक जग्गामा निर्माण भएका संरचनाहरु भत्काउन लगाउने प्रस्ताव पारित गरियो ।

११) यस गा.पा. सिमाना सँग जोडिएका छिमेकी गा.पा.हरु सँग भगिनी सम्बन्ध राख्ने प्रस्ताव पारित गरियो ।

१२) यस गा.पा. क्षेत्रमा विजुलि बत्ति नपुगेको ठाउमा कमश: विधुत्तिकरण गर्दैजाने तथा अतिरिक्तरुपमा एक थान ट्रान्सर्फमर खरिद गरि गाउँकार्यपालिकामा राखि सो लाई वैल्कलपिरुपमा परिचालन गर्ने प्रस्ताव परित गरियो ।

१३) यस कार्यपालिका द्धारा स्वीकृत योजना तथा कार्यक्रममा ३ प्रतिशत कन्टेन्जेन्सी कट्टा गरी कार्यक्रम तथा योजना संचालन गरिनेछ सो बापत कट्टा गरिएको रकम कन्टेन्जेन्सी शिर्षकमा जम्मा गरी यसरी जम्मा भएको

भोली प्रसाद गुप्ता
अध्यक्ष

रकम सम्बन्धीत योजना तथा कार्यक्रमहरुको गुणस्तरियता एवं प्रभावकारिता र उपभोत्ता समिती, कर्मचारीहरुको क्षमता विकासमा खर्च गरिने प्रस्ताव पारित गरियो ।

१४) अर्को गाउँ सभा नभए सम्मको लागि गाउँ सभाको हैसियंत बाट कुनै नितिगत. निर्णय गर्नुपर्ने बाध्यत्मक अवस्था भएमा त्यस्ता कार्यहरु गर्न गाउँकार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव पारित गरियो ।

१५) सानातिना योजना तथा कार्यक्रमहरु औचित्य र आवश्यकता लाई मध्यनजर गरी स्वीकृत बजेट को परिधि भित्र रही भैपरि पुँजिगत शिर्षक बाट बढिमा रु.१लाख ५०हजार सम्मका कार्यक्रम तथा योजना संचालन गर्न गराउन गा.पा.अध्यक्षलाई अधिकार प्रत्यायोजन गरि सोको अनुमोदन गाउँकार्यपालिकाबाट गराउने प्रस्ताव पारित गरियो ।

१६) अनुसुचीमा उल्लेख भएका दरबन्दी र सांगठनिक संरचना र कार्यत कर्मचारिकहरुको दरबन्दी स्वीकृत गर्न प्रस्ताव पारित गरियो ।

१७) यस कार्यपालिका अन्तर्गत कार्यपालिकाको आर्थिक लगानीमा संचालन गरिने विभिन्न कार्यक्रम, गोष्ठी, तालिम, अनुगमन, बैठकहरुमा तपशिलमा उल्लेख भए अनुसारको परिधि भित्र रही खर्च गर्ने प्रस्ताव पारित गरियो ।

तंपशिल

| क. सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | खाजा खर्च | १५०। | प्रति व्यक्ति |
| २ | खाना खर्च | ३५०। | प्रति व्यक्ति |
| ३ | स्टेशनरी | १००। | प्रति गोटा |
| ४ | प्रशिक्षक भत्ता प्रतिशेशन(कार्यपत्र सहित) | १५००। | दिनमा बढीमा ५ सेशन |
| ५ | कार्यक्रम संयोजक भत्ता | १५००। | प्रति दिन |
| ६ | तालिम, गोष्ठी, सामग्री, लजिष्टीक समेत | १०००। | प्रति दिन |
| ७ | अनुगमन(कार्यपालिका को पद्धाधिकारी तथा कर्मचारी) | ५००। | प्रति दिन खाना खाजा बापत |
| ८ | अनुगमन अन्य पद्धाधिकारी(कार्यालय बाहिर) | २०००। | प्रति दिन |
| ९ | बैठक भत्ता -कार्यालय समय बाहेक) | १५००। | प्रति दिन |
| १०. | स्थानिय यातायात खर्च | २००। | प्रति दिन |
| ११ | स्थानिय बाहेक जिल्ला अन्तर्गत यातायांत खर्च | ५००। | प्रति दिन |
| १२ | जिल्ला बाहिर यातायात खर्च | | विल अनुसार |
| १३. | गा.पा.अध्यक्षको दैनिक भ्रमण भात्ता | २००० | प्रति दिन |

**द्रष्टव्य :** यसमा उल्लेख नभएको हकमा कार्यपालिकाको निर्णय तथा सम्झौता शर्तको आधारमा हुनेछ ।

१८) विभिन्न वडा टोल तथा बस्ती बाट माँग भई वडा कार्यालयबाट सिफारिस भई आएका तर गाउँपालिका श्रोत साधन बजेटको अभावले गर्दा कार्यपालिकाको बजेटबाट संचालन गर्न नसकिएका योजना तथा कार्यक्रमहरु संचालन का लागि केन्द्र,प्रदेश सरकार, विषयगत मन्त्रालय, दातृ निकाय तथा सरकारी एवं गैर सरकारी संस्थाहरुलाई अनुरोध गर्ने प्रस्ताव पारित गरियो ।

भोला प्रसाद गुप्ता
अध्यक्ष

१९) गाउँकार्यपालिका द्वारा स्वीकृत भएका तपशिल अनुसारका ऐन, कार्यविधि, नियमावलि, निर्देशिका, कानुन पेश भए बमोजिम स्वीकृत गरियो ।

तपशिल

१. आर्थिक ऐन २०७४
२. गाउँपालिका बैठक संचालन कार्यविधि २०७४
३. गाउँ सभा संचालन कार्यविधि २०७४
४. गाउँकार्यपालिका कार्यसम्पादन नियमावली २०७४
५. गाउँकार्यपालिका कार्य विभाजन नियमावली २०७४
६. एफ.एम. रेडियो व्यवस्थापन तथा संचालन कार्यविधि २०७४
७. आर्थिक कार्यविधि व्यवस्थित तथा नियमित बनेको कानुन २०७४
८. गाउँपालिका सहकारी ऐन २०७४
९. शिक्षा नियमावली २०७४
१०. बजार अनुगमन निर्देशिका २०७४
११. कृषि व्यवसाय प्रर्वद्धन ऐन २०७४
१२. प्रशासकिय कार्यविधि २०७४
१३. न्यायिक समिती उजुरी किनारा कार्यविधि २०७४
१४. प्रसौनी राजपत्र प्रकाशन कार्यविधि २०७४
१५. स्थानिय तहको उपभोक्ता समिती गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०७४
१६. "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र कार्यविधि २०७५
१७. गाउँपालिका विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन २०७४
१८. बेटि बचाई बेटी पढाई कार्यविधि २०७५
१९.खानेपानि तथा सरसफाई कार्यविधि २०७५

२०) आ.व. ०७५/०७६ मा उपभोत्ता समितिको माध्यमबाट योजनाहरु संचालन गर्दा तपशिल अनुसारका लागत सहभागितामा योजनाहरु संचालन गर्न गराउन प्रस्ताव पारित गरियो ।

तपशिल

| क.सं. | विवरण | लागत सहभागिता(जन श्रमदान) |
|---|---|---|
| १ | माटो पुर्ने कार्य | कन्टेन्जेन्सी बाहेकको कुल ल.ई. |

भोला प्रसाद गुप्ता
अध्यक्ष

| | | |
|---|---|---|
| | | मा २० प्रतिशत |
| २ | ग्रेबल कार्य | कन्टेन्जेन्सी बाहेकको कुल ल.ई. मा १५ प्रतिशत |
| ३ | सडक ढलान, भवन निर्माण, नाला निर्माण जस्ता कन्ट्रक्सन निर्माण कार्यमा | कन्टेन्जेन्सी बाहेकको कुल ल.ई. मा १० प्रतिशत |

द्रष्टव्य: अतिविपन्न क्षेत्रमा संचालन हुने योजनाहरुमा कार्यपालिकाको निर्णय अनुसार शुन्य प्रतिशत लागत सहभागितामा योजना संचालन गर्न सकिनेछ ।

२१) बाटो ढलान गर्दा न्यूनतम १० फिट भन्दा कम चौडाइको बाटोमा ढलान निर्माण कार्य गर्न बन्देज गर्न प्रस्ताव पारित गरियो ।

भोला प्रसाद गुप्ता
अध्यक्ष

आ.व.२०७५/७६

| शीर्षक | आ.व ०७४/०७५को येर्थाथ | आ.व. २०७४।७५ को लक्ष्य | आ.व. २०७५।७६को अनुमान |
|---|---|---|---|
| **कुल आम्दानि** | | २४९८९८२७६।०८ | २९३८२७३००।०० |
| **आन्तरिक राजस्वः** | | | १९८२००० |
| सम्पत्ती कर | | | |
| घरबहाल कर | | | |
| घरजग्गा रजिष्ट्रेशन शुल्क | | | |
| घरजग्गा कर | | | |
| सवारी साधन कर(सवारी दर्ता तथा सवारी कर ) | | | |
| **सेवा शुल्क (स्थानीय पूर्वाधार तथा सेवा उपयोगमा)** | | | |
| पार्किंग शुल्क | | | |
| पटके सवारी शुल्क | | | |
| मेशिनरी औजार बहाल शुल्क | | | |
| एरिया लोडिङग अनलोडिङग | | | ४००००० |
| घर नक्सा निवेदन फारम तथा पुस्तिका | | ५००० | २५००० |
| नापजाच शुल्क (अमिन) | | | १००००० |
| कृषि बजार | | ३२७००० | ३५०००० |
| दरभाउपत्र फारम शुल्क | | | २५००० |
| पोखरी ठेका | | १४००००० | १०८२००० |
| **दस्तुर (स्थानीय तहबाट हुने सिफारिस लगायतमा)** | | | १४५५००० |
| बिधुत सिफारिस | | ५००० | १०००० |
| दर्ता तथा नवीकरण | | १०००० | २०००० |
| घर नक्सा नामसारी | | १०००० | २०००० |
| घर निर्माण सम्पन्न प्रमाणपत्र | | २०००० | ५०००० |
| नक्सा पास दस्तुर | | १०००० | २५००० |
| अन्य दस्तुर | | २०००० | २०००० |
| पर्यटन शुल्क | | | |
| विज्ञापन कर | | | |
| व्यवसाय कर | | १५००० | १०००००० |
| भूमिकर (मालपोत) | | १५०००० | १५०००० |
| दण्ड जरिवाना | | १०००० | १०००० |
| मनोरञ्जन कर | | | |
| मालपोत संकलन | | १००००० | १५०००० |
| बहाल विटौरी घर जग्गा कर | | | |
| ऋण लगानीबाट प्राप्त व्याज आय | | | |
| अन्य | | | |
| **राजस्व बाँडफाँडः** | | | ४८५९९००० |
| राजस्व बाँडफाँड प्राप्ति (+) | | | ४८५९९००० |
| राजस्व बाँडफाँड हस्तान्तरण (-) | | | |
| **अन्य आयः** | | | ३८५८३००० |
| साविक स्थानीय निकायबाट हस्तान्तरण भई प्राप्त रकम | | ५३१४३३४.६२ | |
| बेरुजु असुली | | ११२००० | |
| गत वर्षको नगद मौज्दात | | ४८६१३४१.४६ | |
| गतवर्षको सा.सू मौज्दात | | ३५२३०० | |
| स्थानिय तह बाट खर्च नभई सचित कोषमा रहने अनूदान | | | ३८५८३००० |

भोला प्रसाद गुप्ता
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| अन्तर सरकारी वित्तीय हस्तान्तरणः | | | | |
| | नेपाल सरकारबाट प्राप्त अनुदानः | | | १९५५०२३०० |
| | वित्तीय समानीकरण अनुदान | | १४२२११००० | ९२३००००० |
| | सशर्त अनुदान | | ६०११९००० | ७०१००००० |
| | समपूरक अनुदान | | | |
| | विशेष अनुदान | | | |
| | गरिब संघ विशेशव र कार्यक्रम | | ८५८००० | |
| | स्थानीय शासन सामुदायिक विकास कार्यक्रम | | १०६०००० | |
| | बहुक्षेत्रीय पोषण कार्यक्रम | | ११६४००० | १३३८००० |
| | सामाजिक सुरक्षा भत्ता | | ३१७६४३०० | ३१७६४३०० |
| | प्रदेश सरकारबाट प्राप्त अनुदानः | | | ७७०६००० |
| | वित्तीय समानीकरण अनुदान | | | २७०६००० |
| | सशर्त अनुदान | | | ५०००००० |
| | समपूरक अनुदान | | | |
| | विशेष अनुदान | | | |
| | अन्य स्थानीय तहबाट प्राप्त अनुदानः | | | |
| | सशर्त अनुदान | | | |
| | समपूरक अनुदान | | | |
| | विशेष अनुदान | | | |
| जनसहभागिताः | | | | |
| | नगद सहभागिता | | | |
| | श्रम तथा वस्तुगत सहायता | | | |

भोला प्रसाद गुप्ता
अध्यक्ष

प्रसौनी गाँउपालिका
गाँउकार्यपालिकाको कार्यलाय
व्यय अनुमान

आ.व. २०७५/०७६
निर्णय नं. २ संग सम्बन्धित

| शीर्षक | | आ.व. २०७४/०७५ जेष्ठ सम्म यर्थाथ व्यय | आव २०७४।०७५ को सन्सोधित अनुमान | आव २०७५।०७६ को अनुमान | ०७५/०७६ को श्रोत अनुमान | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | नेपाल सरकार अनदान | आन्तरिक श्रोत | प्रदेश सरकार |
| चालु खर्च | | १४४५२२३१.४५ | ३७५०००००.०० | ५१००००००.०० | ५१००००००.०० | | |
| | पदाधिकारीहरुको पारिश्रमिक तथा सुविधा | | १७००००० | ११५००००० | | | |
| | कर्मचारी तलब | ३७३९७१९.९० | १०५००००० | १४५००००० | | | |
| | अन्य भत्ता/कार्मचारी प्रोत्साहन भत्ता र वैठक भत्ता,न्यायीक समिति | २६८७०२९ | ४५००००० | ४०००००० | | | |
| | महंगी भत्ता | १३२००० | ३६०००० | १०००००० | | | |
| | पोषाक (कर्मचारी र जनप्रतिनिधि) | ३४३५०० | ३५०००० | ९५०००० | | | |
| | पानि तथा विजुली | ४३३९४ | ३००००० | ९००००० | | | |
| | संचार महसुल | ६४२४१४ | ८००००० | ८००००० | | | |
| | घरभाडा | २२०२५० | ७४०००० | ६००००० | | | |
| | अन्य भडा | २३१००० | १०००००० | ६००००० | | | |
| | इनधन पदाधिकारि तथा कर्मचारी | ६१५९५९५.७३ | १५००००० | १५००००० | | | |
| | मर्मत संभार | ३००००० | ३००००० | ५००००० | | | |
| | विमा | ३६१२१ | १५०००० | २५०००० | | | |
| | कार्यलय संचालन | २१२६३६४.७७ | ३६००००० | २५००००० | | | |
| | ईन्धन अन्य प्रयोजन | | १००००० | २००००० | | | |
| | परामर्श तथा अन्य सेवा शुल्क | १३३५९०५ | ३०००००० | ४४००००० | | | |
| | कर्मचारी कल्याणकोष | | ५००००० | ५००००० | | | |
| | कार्यक्रम खर्च | ८८५७५ | २५००००० | २५००००० | | | |
| | अनुगमन मुल्यांकन खर्च | ५१७६६६ | १०००००० | ८००००० | | | |
| | दैनिक भ्रमण खर्च, कार्यक्रम भ्रमण खर्च | ६०५८७० | १६००००० | १५००००० | | | |
| | विविध | ७८६४२७ | ३०००००० | १५००००० | | | |

BPgupta
भोला प्रसाद गुप्ता
अध्यक्ष

BPgupta

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **पूँजिगत खर्च** | | **४०३४९१३८.७०** | **११७०८०६७६.०८** | **१३४६२५०००.००** | **१२८४८२०००.००** | **३४३७०००.००** | **२७०६०००** |
| | सवारी साधन | ६२९९७५० | ६५००००० | ७०००००० | | | |
| | गाँउकार्यपालिकाको नयाँ प्रशासनिक भवन | | | | | | |
| | वडागत विजुली कार्यक्रम /सोलार जडान | १६१७४९८.३५ | २०००००० | १५००००० | | | |
| | फर्निचर | १६९९९२६.८० | ३०००००० | १०००००० | | | |
| | संपुरककोष | | २०००००० | २०००००० | | | |
| | टहरा भवन निर्माण (कार्यलय भवन) | १५५१२५४ | ३५००००० | | | | |
| | मेशिनरी औजार | ३३८११०२ | ३५००००० | १०००००० | | | |
| | पूजिगत संस्थागत मर्मत तथा संभार | | ३०००००० | १०००००० | | | |
| | पूजिगत अनुसन्धान तथा परामर्श | ८८७८९७ | २०००००० | १५००००० | | | |
| | आर्थिक विकास (कार्यक्रम अनुसुची ४ मा उल्लेख गरिएको छ ) | | ६६९९००० | | | | |
| | समाजिक विकास (कार्यक्रम अनुसुची ५ मा उल्लेख गरिएको छ ) | | २१६५०००० | | | | |
| | पूर्वाधार विकास (कार्यक्रम अनुसुची ६ मा उल्लेख गरिएको छ ) | २१८३५६१० | ४९०१०००० | १०७१२५००० | | | |
| | वातावरण तथा विपद व्यवस्थापन (कार्यक्रम अनुसुची ७ मा छ ) | | ३८००००० | | | | |
| | संस्थागत विकास सेवा प्रवाह, सुशासन (कार्यक्रम अनुसुची ८ मा छ ) | | ३६५०००० | | | | |
| | भैपरी पूजिगत खर्च। | ३०७६१००.२४ | ५९७१६७६.०८ | १२५०००००.०० | ९०६३०००.०० | ३४३७०००.०० | |
| | पोषण कार्यक्रम | | ८००००० | | | | |
| **सशर्त अनुदान तर्फका खर्च** | | **७२५६६४९०** | **९४९६५३००.००** | **१०८२०२३००.००** | **१०३२०२३००.००** | | **५००००००.००** |
| | प्रदेश सरकार बाट | | | ५००००००.०० | | | |
| | विषयगत कार्यलय तर्फको | | | | | | |
| | शिक्षा, स्वास्थ्य, कृषि र पशु ,महिला तथा बालबलिका | ४६६१३५४० | ६०११९००० | ७०१००००० | | | |
| | बहुक्षेत्रिय पोषण कार्यक्रम | ६७५४०० | ११६४००० | १३३८००० | | | |
| | समाजिक सुरक्षा भत्ता | २४४८०४०० | ३१७६४३०० | ३१७६४३०० | | | |
| | स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम | १७८००० | १०६०००० | | | | |
| | गरिवसंग विशेषवर कार्यक्रम | ६१९२५० | ८५८००० | | | | |
| | **कुल जम्मा** | **१२७३६७८६०.१५** | **२४९५४५९७६.०८** | **२९३८२७३००.००** | **२८२६८४३००.००** | **३४३७०००.००** | **७७०६०००.००** |

भोला प्रसाद गुप्ता
अध्यक्ष

# प्रसौनी गाउँकार्यपालिका

## आ.व. ०७५/७६ का लागि पारित वडागत योजना/कार्यक्रमहरुको विवरण

वडागत आयोजना(वडा नं.१)

| क्र.सं. | आयोजनाको नाम | आयोजना संचालन हुने स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| **पुर्वधार विकास** | | | | |
| १ | बाटो ढलान | द्वारिका ठाकुरको घर देखि राजेन्द्र वकिलको घर हुदै सर्वदेवं महतोको घर सम्म जाने बाटो ढलान । | ५,५०,०००। | |
| २ | | सत्यनारायण जिको घर देखि सोनालाल जिको घर सम्म बाटोमा ईटा सोलिङ्ग । | १,५०,०००। | |
| ३ | | कमल मुखियाको घर देखि कमल दासको घरसम्म र त्यहाँ देखि मोजाहिर मियाँको घर सम्म बाटो ढलान । | ९,००,०००। | |
| ४ | | हरिहर मुखियाको घर देखि छठ घाट सम्म बाटो ढलाान | ९,००,०००। | |
| ५ | | मकसुदिन जिको घर देखि मस्जिद सम्म को बाटो ढलान कार्य । | २,००,०००। | |
| ६ | | मेन रोड देखि सकलदेव को घर हुदै हिरालालको घर तिर जाने बाटो । | ४,००,०००। | |
| ७ | ग्रेबल | मनोज रामको घर देखि सुख्खा मुखियाको घर सम्म बाटो । | ६,००,०००। | |
| ८ | बाटो घाटो तथा नाला मर्मत | वडा नं. १ | १,००,०००। | |
| **सामाजिक विकास** | | | | |
| १ | खानेपानी तथा चापाकल जडान | वडा नं १ | २,००,०००। | |
| २ | बालिका सिक्षण सिकाई विशेष प्रोत्साहन कार्यक्रम | वडा नं. १ | १,५०,०००। | |
| ३ | सिलाई कटाई कार्यक्रम | वडा नं. १ | १,००,०००। | |
| ४ | खेलकुद विकास तथा प्रोत्साहन कार्यक्रम | वडा नं १ | १,५०,०००। | |
| ५ | सरसफाई | वडा नं. १ | १,००,०००। | |
| **जम्मा** | | | **४५,००,०००।** | |

Bpgupta

भोला प्रसाद गुप्ता
अध्यक्ष

**वडागत आयोजना( वडा नं. २**

| क.सं. | आयोजनाको नाम | आयोजना संचालन हुने स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| **वातावरण तथा विपद व्यवस्थापन तर्फ** | | | | |
| १ | अधुरो सार्वजनिक शौचालय निर्माण | शुभनारायण साहको घर निर | १,५०,०००। | |
| **पुर्वाधार विकास** | | | | |
| १ | माटो पुरी अधुरो सौलिङ | सरभङ टोलमा | १,५०,०००। | |
| २ | माटो पुर्ने | दसै दासको घर देखि पुर्व र दक्षिण प्लटिङ सम्म | १,५०,०००। | |
| ३ | माटो ग्रेबल | रामचन्द्र को घर देखि दुधवारा खोला सम्म जाने बाटो गोइठइ | ५,००,०००। | |
| ४ | नाला निर्माण र स्लेब ढलान | कौशल जिको पुर्व मोहरा भएको घर देखि दक्षिण मेन रोड जाने बाटो देखि पश्चिम विश्वनाथ साह कानु ज्युको घर सम्म । | ८,००,०००। | |
| ५ | सडक ढलान | रामचन्द्रको घर देखि क्षेत्रिय रोड सम्म बेलहिया । | ७,००,०००। | |
| ६ | | राजु कुमार, शम्भु कल्वार जिको घर देखि पुर्व दक्षिण र पश्चिम, पुर्व भिखारी कानु जीको घर सम्म । | २,००,०००। | |
| ७ | सडक ढलान तथा नाला मर्मत | भोला सरको मिल देखि सान्तालाल को घर सम्म सडक ढलान तथा नाला मर्मत | ५,००,०००। | |
| ८ | नाला मर्मत | घन्टा घर मेन रोड देखि दक्षिण तर्फ पहलास प्रसाद जिको घर सम्म । | १,५०,०००। | |
| ९ | नाला मर्मत तथा स्ल्याब | प्रदिप जीको घर अगाडि | ५०,०००। | |
| १० | नाला निर्माण, मर्मत तथा सडक ढलान | मदन जीको घर पछाडि देखि कृष्ण सोनार को घर सम्म | २,००,०००। | |
| ११ | बाटो घाटो मर्मत कार्य | वडा नं. २ अन्तर्गत | २,००,०००। | |
| **सामाजिक विकास तर्फ** | | | | |
| १ | चापाकल जडान कार्य | वडा नं. २ अन्तर्गत | २,००,०००। | |
| २ | खेलकुद सामग्री | वडा नं. २ अन्तर्गत | ५०,०००। | |
| ३ | ब्रहम्बाबा मन्दिर परिसर घेरवार गोइठइ | वडा नं. २ अन्तर्गत | ३,००,०००। | |
| ४ | सिलाई कटाई | वडा नं. २ अन्तर्गत | १,००,०००। | |
| ५ | सरसफाई | वडा नं. २ अन्तर्गत | १,००,०००। | |
| **जम्मा** | | | **४५,००,०००।** | |

Bhgupta

Bhgupta

भोला प्रसाद गुप्ता
अध्यक्ष

**वडागत आयोजना( वडा नं.३)**

| क.सं. | आयोजनाको नाम | आयोजना संचालन हुने स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| पुर्वधार विकास | | | | |
| १ | नाला निर्माण | शम्भु साह तेलीको घर देखि दक्षिण प्रभु साहको घर सम्म । | ३०,००,०००। | |
| २ | | मनोज साह कानुको घर देखि भुलन साह कानु को घर सम्म । | | |
| ३ | | ढोराई महतोको घर देखि मोहन तिवारीको घर सम्म । | | |
| ४ | नयाँ बाटो तथा ग्रेबल कार्य | वडा नं. ३ | ५,००,०००। | |
| ५ | भौतिक पुर्वधार मर्मत | ने.रा.नि.मा.वि. | ९,००,०००। | |
| जम्मा | | | ४४,००,०००। | |

भोला प्रसाद गुप्ता
अध्यक्ष

**वडागत आयोजना( वडा नं. ४)**

| क.सं. | आयोजनाको नाम | आयोजना संचालन हुने स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| **सामाजिक विकास** | | | | |
| १ | रङग रोघन भवन मर्मत तथा शौचालय निर्माण। | ने.रा.मा.वि. खुटवा | ५००,०००। | |
| २ | दलित वर्गलाई आवश्यक समाग्री हस्तनान्तर | वडा नं. ४ अन्तर्गत | १,००,०००। | |
| ३ | त्रिनेत्री काफ़लाको यज्ञसाला निर्माण | वडा नं. ४ अन्तर्गत | १,००,०००। | |
| ४ | मस्जिद मर्मत | वडा नं. ४ अन्तर्गत | ९०,०००। | |
| ५ | चण्डीमाई भुई घरको मर्मत । | वडा नं. ४ अन्तर्गत | ६०,०००। | |
| **पुर्वधार विकास** | | | | |
| १ | सडक ढलान | नागेश्वर पंडितको घर हुदै ट्रान्सफरमर सम्म | ५,००,००० | |
| २ | | ट्रान्सफरमर हुदै वडा कार्यालय सम्म जाने बाटो । | २,००,०००। | |
| ३ | | बथानी चौक र गिरधारी पंडितको घर तिर जाने बाटो । | ८,००,००० | |
| ४ | | बलिरामको घर देखि सदिक मियाँको घर तिर जाने बाटो । | ५,००,००० | |
| ५ | | बाथानि चौक देखि जैनुदिन अंसारिको घर हुदै श्री ने.रा.मा.वि तिर जाने बाटो । | ५,००,००० | |
| ६ | बाटो मर्मत | वडा न.४ | १,००,०००। | |
| ७ | नाला निर्माण | हरि नेपालीको घर देखि बथानी चौक सम्म जाने बाटोको अधुरो नाला । | ११,००,००० | |
| ८ | | गोल घर देखि डबरी सम्म | १,००,००० | |
| ९ | खानेपानी सरसफाई | चापकल | १,००,०००। | |
| १० | | सरसफाई कार्यक्रम | १,००,०००। | |
| **सामाजिक विकास तर्फ** | | | | |
| १ | खेलकुद | वडा नं. ४ | १,००,०००। | |
| २ | सिलाई कटाई | वडा नं. ४ | १,००,०००। | |
| **जम्मा** | | | **५०,५०,०००।** | |

भोला प्रसाद गुप्ता
अध्यक्ष

**वडागत आयोजना( वडा नं. ५**

| क.सं. | आयोजनाको नाम | आयोजना संचालन हुने स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| **सामाजिक विकास** | | | | |
| १ | बौधिक माई मन्दिर निर्माण । | वडा नं. ५ | ३,००,०००। | |
| २ | ब्रहम्बाबा मन्दिर प्राङ्गणमा ढलान । | वडा नं. ५ | ३,००,०००। | |
| ३ | सिलाई कटाई तालिम | वडा नं. ५ | १,५०,०००। | |
| ४ | करकच कोठा निर्माण | ने.रा.नि.मा.वि. प्रष्टोको ५ | ३,००,०००। | |
| ५ | पुर्ण सरसफाई सचेतना कार्यक्रम | वडा नं. ५ | १,००,०००। | |
| **पुर्वधार विकास** | | | | |
| १ | सडक ढलान | देवकी लाल साहको घर देखि बेचु साहको घर सम्म सडक ढलान । | ४,००,०००। | |
| २ | | छोटेलाल साह कानु को घर देखी रामानन्द सहनी को घर सम्म सडक ढलान | ५,००,०००। | |
| ३ | | साधु महतो को घर देखी रामरतन सहनीको घर सम्म जाने बाटो । | ५,००,०००। | |
| ४ | | हितलाल साहको देखी जोगेन्द्र साहको घर सम्म जाने बाटो । | ४,००,०००। | |
| ५ | | मोहन साहको घर देखि कन्हैया साहको घर सम्म जाने अधुरो बाटो ढलान । | ७,००,०००। | |
| ६ | | सदिक मियाँको घर देखि जोखु साहको घर सम्म जाने अधुरो बाटो ढलान । | २,००,०००। | |
| ७ | | धनलाल ठाकुर को पसल देखि सुदामा ठाकुर को घर सम्म जाने बाटो । | ३,००,०००। | |
| ८ | | विन्दालाल साहको घर देखि चनर महतो को घर सम्म जाने अधुरो बाटो । | १,००,०००। | |
| ९ | माटो / ग्रेबल | सदिक मियाँको घर देखि किरकिचाहा नदी सम्म माटो पुर्ने । | १,००,०००। | |
| १० | | टेकनारायण साहको घर देखि लालबहादुर रामको घर सम्म जाने बाटोमा माटो पुर्ने । | २,००,०००। | |
| ११ | | रामानन्द सहनी को घर देखि रामरण साहको घर सम्म माटो पुरी ग्रेबल गर्ने | २,००,०००। | |
| १२ | | रुपलाल राम को घर देखी विरबहादुर रामको घर सम्म जाने बाटोमा माटो पुर्ने । | १,००,०००। | |
| १३ | | मुक्ति साहको खेत देखि कनाही साह तेली को खेत सम्म जाने बाटोमा माटो पुर्ने । | १,००,०००। | |
| १४ | कल्भट मर्मत | किरकिचाहा नदीमा कल्भर्ट मर्मत | ५०,०००। | |
| **जम्मा** | | | **५०,००,०००।** | |

भोला प्रसाद गुप्ता
अध्यक्ष

वडागत आयोजना( वडा नं. ६)

| क्र.सं. | आयोजनाको नाम | आयोजना संचालन हुने स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| | **पुर्वाधार विकास तर्फ** | | | |
| १ | सडक ढलान | चनरमन महतो को घर देखि सं[illegible] मा.वि. जाने बाटोमा | ४,००,०००, | |
| २ | | मंसुर आलमको घर देखि मेन सडक सम्म जाने बाटोमा | १,००,०००। | |
| ३ | | महिन्द्र पडितको घर देखि पंशुराम महतोको घर सम्म जाने बाटोमा | १,५०,०००। | |
| ४ | | कृत महतो को घर देखि श्याम विहारीको घर सम्म जाने बाटो मा | ३,००,०००। | |
| ५ | | रामचन्द्र महतोको घर देखि हरिहर सरको घर हुदै राजकुमार महतोको घर सम्म । | ७,००,०००। | |
| ६ | माटो/ग्रेबल कार्य | फरमान मियाँको घर देखि पारस महतो को पसल सम्म जाने बाटोमा | १,५०,०००। | |
| ७ | | बेलहिया देखि गोढिया टोल जाने बाटो | ४,००,०००। | |
| ८ | चौतरा निर्माण | होलीका दहन हुने ठाउँको पिपल रुख वरिपरी | १,००,०००। | |
| ९ | अधुरो नाला निर्माण | उच्च मा.वि. बेलहिया नजिकको बाटो | ५,००,०००। | |
| १० | कम्पाउण्ड वाल निर्माण | ब्रहम्बाबा मन्दिरमा | २,००,०००। | |
| ११ | कृषि प्रविधि हस्तानान्तरण | वडा नं. ६ को कृषक समुहलाई | ३,००,०००। | |
| १२ | कम्पाउण्ड निर्माण | रामजानकी मन्दिर बेलहियामा | २,००,०००। | |
| **सामाजिक विकास तर्फ** | | | | |
| १ | फर्निचर तथा मर्मत | सहिद कन्हैया प्रा.वि. | ३,००,०००। | |
| २ | सिलाई कटाई तालिम तथा प्रविधि हस्तानान्तरण | विपन्न महिलालाइ | २,००,०००। | |
| ३ | खेलकुद सामग्री वितरण तथा टुर्नामेन्ट एवं खेल मैदान मर्मत | वडा स्तरीय | २,००,०००। | |
| ४ | चापाकल जडान | वडा नं. ६ अन्तर्गत | २,००,०००। | |
| ५ | सरसफाई कार्यक्रम | वडा नं. ६ अन्तर्गत | १,००,०००। | |
| **जम्मा** | | | **४५,००,०००।** | |

Bpgupta
भोला प्रसाद गुप्ता
अध्यक्ष

**वडागत आयोजना( वडा नं. ७)**

| क.सं. | आयोजनाको नाम | आयोजना संचालन हुने स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| **क्षमता विकास तर्फ** | | | | |
| १ | सिलाई कटाई तालिम | वडा नं. ७ बंजरिया बलुवा | २,००,०००। | |
| २ | क्षमता विकास कार्यक्रम | वडा नं. ७ | १,५०,०००। | |
| **समाजिक विकास तर्फ** | | | | |
| १ | सम्सान घाट सेड निर्माण | वडा नं. ७ | ३,००,०००। | |
| २ | खेलकुद तथा सामग्री वितरण | वडा नं. ७ अन्तर्गत | १,००,०००। | |
| ३ | ब्रहम्बाबा मन्दिर निर्माण | वडा नं. ७ | २,००,०००। | |
| ४ | पुर्ण सरसफाई कार्यक्रम | वडा नं. ७ | १,००,०००। | |
| ५ | खानेपानी चापाकल | वडा नं. ७ | २,५०,०००। | |
| **पुर्वाधार विकास तर्फ** | | | | |
| १ | नाला निर्माण | वंजरिया | २४,००,०००। | |
| २ | बाटो ढलान | शिव महंतोको घर देखि हसलादिन मियाँको घर तिर जाने बाटो । | ५,००,०००। | |
| ३ | माटो ग्रेबल | बलुवा चौक देखि उत्तर तिर जाने बाटो | ५,००,०००। | |
| ४ | बाटो घाटो मर्मत | वडा नं. ७ | १,००,०००। | |
| ५ | चौतारा निर्माण | वडा कार्यालय नजिक | १,२५,०००। | |
| ६ | मन्दिर निर्माण | वडा नं.७ बंजरियामा हनुमान मन्दिर सँगको अधुरो भवन निर्माण | ७५,०००। | |
| **जम्मा** | | | **५०,००,०००।** | |

भोला प्रसाद गुप्ता
अध्यक्ष

## आ.व.२०७५/०७६ का लागि पारित कार्यापालिकाको स्तरिय आयोजना

| क.सं. | आयोजनाको नाम | आयोजना संचालन हुने स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| **आर्थिक विकास**(कृषि, पर्यटन, उधोग तथा वाणिज्य, सहकारी, वितिय क्षेत्र | | | | |
| १ | पिकनिक स्पोर्ट | दुधवरा पुलको दक्षिण | ५,००,०००। | |
| २ | बाल उधान | दुधवरा पुलको दक्षिण | ५,००,०००। | |
| ३ | स्यालो टुयुबेल जडान | गा.पा. भरी | १०,००,०००। | |
| ४ | श्रोत परिचालन( विउ पुँजिको रुपमा ) | अतिविपन्न परिवार लाई | ५,००,०००। | |
| ५ | पशु कार्यक्रम | गा.पा. स्तरिय | ४,००,०००। | |
| ६ | स्वरोजगार कार्यक्रमको लागि | गा.पा स्तरिय | १०,००,०००। | |
| **जम्मा** | | | **३९,००,०००।** | |

| | | | | |
|---|---|---|---|---|
| **सामाजिक विकास** (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सस्कृति प्रवर्धन , लैगिक समानता तथा समाजिक समावेशिकरण(महिला,बालबालिका, जेष्ठ नागरिक, अपाङ , दलित, आदिवासि जनजाती, मधेशी, मुस्लिम, थारु, अल्पसंख्यक) | | | | |
| **शिक्षा तर्फ** | | | | |
| १ | कम्प्यूटर /प्रोजेक्टर तथा खेलकुद सामाग्री हस्तानान्तरण | १२ वटा सामुदायिक विद्यालयहरुलाई | २५,००,०००। | |
